म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २०८ बिहीबार २४ फागुन २०८० ने. सं. ११४४ सिल्लागा 7 March 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बकैयामा सुमो दुर्घटना हुँदा ९ जना घाइते

हेटौंडा, २३ फागुन/कान्तिलोकपथ सडकअन्तर्गत मकवानपुरको बकैया गाउँपालिका-११ सीमातमा यात्रुबाहक टाटा सुमो दुर्घटना भएको छ । बुधबार ५ बजेर ३० मिनेटको समयमा काठमाडौबाट हेटौंडातर्फ आउँदै गरेको ना.१ ज २३२२ नम्बरको सुमो ब्रेकफेल भएर दुर्घटना भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ । प्रहरीका अनुसार दुर्घटनामा सुमोमा सवार चालक सहित १० जना घाइते भएका छन् । घाइतेको उद्दार गरी हेटौंडा ल्याइएको बताइएको छ ।

उनीहरुको हेटौंडा अस्पताल र मकवानपुर सहकारी अस्पतालमा उपचार भइरहेको मकवानपुर प्रहरीले जानकारी दिएको छ । टाटासुमो चालक राक्सिराङ गाउँपालिका-२ बस्ने २२ बर्षीय सरोज प्रजा प्रहरीको नियन्त्रणमा रहेको जनाइएको छ ।

# बागमतीमा कांग्रेसका ६ मन्त्रीको राजीनामा, मुख्यमन्त्री नै संशय

निशा गुरुङ



हेटौंडा, २३ फागुन/ बागमती प्रदेश सरकारबाट नेपाली कांग्रेसका ६ जना मन्त्रीले बुधवार राजीनामा दिएका छन् ।

माओवादी केन्द्र अध्यक्ष समेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले कांग्रेससँगको गठबन्धन टुटाएर नयाँ सत्तासमीकरण बनाएसँगै बागमतीमा कांग्रेसले सर कारलाई दिएको समर्थन फिर्ता लिएको हो । बुधबार मुख्यमन्त्री शालिकराम जम्कट्टेललाई भेटेर कांग्रेसका ६ जना मन्त्रीले सामूहिक राजीनामा बुझाएका हुन् । नेपाली कांग्रेस संसदीय दलका नेता तथा आर्थिक मामिलामन्त्री बहादुरसिंह लामाले मुख्यमन्त्रीलाई राजीनामा बुझाउँदै सरकारलाई दिएको समर्थन फिर्ता लिएको बताए ।

२५ पुसमा माओवादी केन्द्रको नेतृत्वमा एमाले र राप्रपाबीचको सरकार बनेको थियो । तर, त्यतिबेला केन्द्रमा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले फेरि कांग्रेससँग गठबन्धन गरेपछि मुख्यमन्त्री जम्कट्टेलले २६ चैत २०७९ मा कांग्रेसलाई सरकारमा सहभागी गराएका थिए । कांग्रेसबाट २६ चैतमै आर्थिक मामिला तथा योजना मन्त्रालयमा लामा र खानेपानी तथा सिँचाइ मन्त्रालयमा तीर्थबहादुर लामा मन्त्री नियुक्त भएका थिए ।

त्यसपछि ७ जेठ २०८० मा वन तथा वातावरण मन्त्रालयमा मसिना खड्का, संस्कृति पर्यटन तथा सहकारी मन्त्रालयमा पुकार महर्जन, स्वास्थ्य मन्त्रालयमा उत्तम जोशी मन्त्री नियुक्त भएका थिए । कांग्रेसबाट ७ जेठमै नियुक्त भएका मन्त्री रामकृष्ण चित्रकारलाई मुख्यमन्त्री कार्यालयमा एउटा कार्यकक्ष उपलब्ध गराएर करिब साढे ३ महिना विनाविभागीय राखिएको थियो । चित्रकारले १७ भदौमा मात्रै उद्योग वाणिज्य भूमि तथा प्रशासन मन्त्रालयको जिम्मेवारी पाएका थिए ।

१२ सदस्यीय प्रदेश मन्त्रिपरिषदमा कांग्रेसले ६, माओवादीले मुख्यमन्त्रीसहित ४ र नेकपा एकीकृत समाजवादीले २ वटा मन्त्रालय भागबण्डा गरेर सरकार बनाएका थिए । सरकारलाई समर्थन गरेको हाम्रो नेपाली पार्टी भने सरकार बाहिरै थियो ।

### मुख्यमन्त्री जम्कट्टेल नै संशय

मुख्यमन्त्री शालिकराम जम्कट्टेलले कांग्रेसका ६ मन्त्रीहरुको राजीनामा बुझ्दै मुख्यमन्त्री जम्कट्टेलले आफू मुख्यमन्त्री रहिरहने हो वा होइन भन्ने संशय व्यक्त गरेका हुन् ।

नयाँ गठबन्धनमा बागमतीको मुख्यमन्त्री भागबण्डा नलागिसकेको बताउँदै उनले आफ्नै निश्चित नभएको बताएका हुन् । बुधवार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा कांगेसका मन्त्रीहरुको राजीनामा बुझेपछि जम्कट्टेलले भने, 'म चाहीं के हुन्छ निश्चित त छैन, टुंगो छैन । सरकार त कसको भागमा पर्छ ।', 'यो नयाँ गठबन्धनमा मेरै भागमा पऱ्यो र मेरो नै निरन्तरा हुने भयो भने मिलेर काम गरौंला । अझै साढे ३ वर्ष कार्यकाल बाँकी छ ।' उनले थपे ।

यस्तै संसदीय व्यवस्थाले सरकार फेरबदलको प्रक्रिया चलिरहने उनको भनाई छ । 'यस्तै सिस्टममा भएकाले चलिरहन्छ यो प्रक्रिया । भोलि फेरि मैले पनि यसैगरी राजीनामा बुझाउनुपर्ने दिन आउँछ की,' जम्कट्टेलले मुसुक्क हाँस्दै भने, 'त्यसैले हामीले सौहार्दपूर्ण ढंगबाटै पनि जानुपर्छ ।', अंकगणितको हिसाबले बागमतीमा जसको पनि सरकार बन्न सक्ने उनले बताए ।

'गणितले जसको पनि सरकार बन्ने सक्ने थियो । त्यसैले हेरौं न (राजीनामालाई कुरौं) भन्ने भाथ्यो । अब फेरि अरु प्रदेशतिर बर्खास्तको पनि कुरा आयो । बर्खास्त नै किन गर्नु हैन ? यत्रो समय मिलेरै काम गर्यौं । त्यस्तो कट्टुता पनि भएन । सल्लाहले नै गरौं भन्ने कुरा भयो । राम्रैसँग सौहार्दरुपले तपाईहरु आउन भयो, यो राम्रो संस्कारको विकास हो ।', जम्कट्टेलले भने ।

प्रदेशमा प्रतिपक्ष र सत्तापक्षसँगसँगै जानुपर्ने उनको धारणा थियो । राजीनामा बुझाएपछि पत्रकारहरुसँग कुरा गर्दै कांग्रेस संसदीय दलका नेता लामाले अंकगणितका आधारमा सरकार बनाउन कांग्रेसले भूमिका खेल्ने बताए । उनले भने, 'उहाँले (जम्कट्टेल) विश्वासको मतलिन सक्नुहुन्छ की हुँदैन ? हेरौं । विश्वासको मत लिन सक्नुभएन भने संवैधानिक व्यवस्थाअनुसार ठूलो दलको हिसाबले हाम्रो सरकार बन्छ ।', उनले नयाँ गठबन्धनको सरकार लामो समय नटिक्ने दाबी गर्दै कांग्रेसले स्थिर सरकार चाहेको बताए ।

नयाँ सत्तासमीकरण बनेसँगै बागमती प्रदेशमा पनि सरकार गठनको रसाकस्सी सुरु भएको छ । केन्द्रीय गठबन्धनमा नेपाली कांग्रेस बाहिरिएर नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र जनता समाजवादी पार्टी (जसपा)को गठबन्धन बनेको छ । गठबन्धनमा अन्य दललाई पनि ल्याउन राजनीतिक दौडधुप जारी छ । बागमती प्रदेशसभामा नयाँ गठबन्धनका रास्वपा र जसपा छैनन् । एमाले र माओवादीलाई सरकार बनाउन साना दलको समर्थन आवश्यक छ ।

१० सदस्यीय प्रदेशसभामा सरकार गठनका लागि ५६ सांसदको समर्थन आवश्यक पर्छ । प्रदेशसभामा कांग्रेसको ३७, एमालेको २७, माओवादीको २१, राप्रपाको १३, एकीकृत समाजवादीको ७, नेपाल मजदुर किसान पार्टीको ३ र हाम्रो नेपाली पार्टीको २ सदस्य छन् । एमाले र माओवादीको कुल सांसद संख्या ४८ छन्, प्रदेशसभामा बहुमत पुऱ्याउन उनीहरुलाई थप ८ जनाको समर्थन चाहिन्छ । एमाले-माओवादीले एकीकृत समाजवादीलाई गठबन्धनमा सहभागी गराउँदा पनि आवश्यक बहुमत पुग्दैन । तर, एकीकृत समाजवादी र हाम्रो नेपाली पार्टी दुवैलाई सहभागी गराए मात्र प्रदेशसभामा बहुमत पुग्छ ।

# आगलागी नियन्त्रणसम्बन्धी सचेतना



साझाकुरा संवाददाता

हेटौंडा, २३ फागुन/ आगलागीका घटना नियन्त्रणका उपायका बारेमा जिल्ला समन्वय समितिको आयोजना तथा बागमती प्रदेश बिपद व्यवस्थापन गुल्मको प्राविधिक सहयोगमा थाहा नगर पालिकामा आगलागी नियन्त्रणसम्बन्धी अन्तरक्रिया तथा सचेतनामूलक कार्यक्रम भएको छ ।

थाहाको जनकल्याण माध्यमिक विद्यालयको प्राङ्गणमा जिल्ला समन्वय अधिकारी सूर्यप्रसाद चापागाईंको अध्यक्षता तथा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित घलानको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा थाहानगर प्रमुख बिष्णु बिष्टको बिशिस्ट आतिथ्यता रहेको थियो ।

सचेतना कार्यक्रम अन्तर्गत 'घरेलु आगलागी नियन्त्रण तथा बच्ने उपायसम्बन्धी सचेतना मूलक कार्यक्रम' प्रहरीले संचालन गरेको हो । थाहानगरभित्र रहेका सामुदायिक वन, रेडक्रस, स्काउट, बजार व्यवस्थापनका पदाधिकारी स्थानीय संघसंस्था लगायत विद्यार्थी र शिक्षकलाई सहभागी बनाउँदै प्रहरीले बिभिन्न कारणले हुने आगलागीका बारेमा डेमो अभ्यास समेत गरेको थियो ।

बागमती प्रदेश बिपद व्यवस्थापन गुल्म हेटौंडाका प्रहरी निरीक्षक चुडाकुमारी खड्का सहितको प्रहरी टोलीले सिलिन्डर पाइपबाट ग्यास लिक भई हुने आगोलागी निभाउने तरिकाका साथै व्यक्तिको शरीरमा आगो लाग्दा तत्काल बँचन गरिने विभिन्न उपायको अभ्यास गराउँदै आगो नियन्त्रणको डेमो अभ्यास गराइएको हो । विद्यार्थीका बीचमा हुने यस्तो सचेतनामूलक कार्यक्रमको सन्देश अभिभावकमा समेत पुग्ने भएकोले यस्ता कार्यक्रम प्रभावकारी हुने जनकल्याण माविका शिक्षक गीता कार्कीले बताइन् ।

कार्यक्रममा जिल्ला समन्वय समितिका सदस्यहरु, थाहा नगरपालिका विपद व्यवस्थापन समिति संयोजक हिरेन्द्रकुमार रायमाझी, थाहानगर बिपद व्यवस्थापन सदस्यसचिव अनिल लामिछाने, स्थानीय स्काउट थाहाका संयोजक गणेशमान श्रेष्ठ, विभिन्न विद्यालयका स्काउट ट्रुप, दामन रेडक्रस र पालुङ रेडक्रसका प्रतिनिधिलगायत संघसंस्थाका प्रतिनिधि, नगरप्रहरीको उपस्थिति रहेको थियो ।

# मनहरीमा गुडिरहेको ट्रकमा आगो लाग्यो



साझाकुरा संवाददाता

हेटौंडा, २३ फागुन/ मकवानपुरको मनहरी गाउँपालिका-९ चौधमाईलमा बुधवार साँझ ७ बजेको समयमा गुडिरहेको ट्रकमा तारसर्ट भएर अचानक आगलागी भएको छ ।

पूर्वपश्चिम राजमार्ग अन्तर्गत चितवनबाट हेटौंडातर्फ आउँदै गरेको ना.६ ख ६१८ नम्बरको खाली ट्रकमा आगलागी भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

दमकल, सुरक्षाकर्मी सहितको टोलीले ट्रकमा लागेको आगोको ४० मिनेटपछि नियन्त्रणमा लिएको प्रहरीले जानकारी दिएको छ । आगलागी हुँदा मानवीय क्षति नभएको प्रहरीले जनाएको छ । आगलागीबाट ट्रक पूर्णरुपमा क्षति भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

खुल्यो ! खुल्यो ! खुल्यो !

बाजेको सेकुवा कर्नर

हेटौंडा-१०, साप्ती पुलसँगै जोडेको बाँया पट्टी

हाम्रा विशेषताहरू:

- सेकुवा
- लोकल खसीको मासु
- लोकल माछा
- लोकल कुखुराको मासु
- खाना, ढिडो आदि पाइन्छ ।

होम डेलिभरीको पनि व्यवस्था रहेको छ ।

खुल्ने समय :
(विहान ८:०० बजे देखि राती १०:०० बजेसम्म)

प्रो. दुर्गा प्रसाद भण्डारी

सम्पर्क नं.: ९८४३६११५५५

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३

Japanese Excellence

brother at your side

Nepal's No.1

Brother Printer नि:शुल्क सर्भिस क्याम्प

र एक्सचेन्ज अफर २०८०

use GENUINE Consumables brother

School Road
हेटौडा , मकवानपुर

फागुन २४,२५,२६ गते

Print Shop
Support By Toner House
9855071140 057527041
tonerhouse4@gmail.com

In association with
baleyo.com SAGAR

ड्राइभिङ सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालय:
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

के. के. ड्राइभिङ प्रशिक्षण केन्द्र

हेटौंडा-५, पिप्ले, मकवानपुर

सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५६२३५६९

साझाकुरा

## हाम्रो कुरा

# बागमतीको सत्ता जोड घटाउ

नयाँ सत्ता समीकरण बनेसँगै बागमती प्रदेशमा पनि सरकार गठनको रसाकस्सी सुरु भएको छ । केन्द्रीय गठबन्धनमा नेपाली कांग्रेस बाहिरिएर नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र जनता समाजवादी पार्टी (जसपा)को गठबन्धन बनेको छ । बागमतीमा पनि नेपाली कांग्रेसले समर्थन फिर्ता लिएपछि सरकार अल्पमतमा परेको छ । गठबन्धनमा अन्य दललाई पनि ल्याउन राजनीतिक दौडधुप जारी छ । बागमती प्रदेशसभामा नयाँ गठबन्धनका रास्वपा र जसपा छैनन् । एमाले र माओवादीलाई सरकार बनाउन साना दलको समर्थन आवश्यक छ । बागमतीमा नयाँ सरकार गठनका लागि एमाले र माओवादी केन्द्रबीच नै संवाद सुरु भएको छैन । दुवै दल केन्द्रीय नेतृत्वको निर्णयको पखाईमा छन् । मुख्यमन्त्री शालिकराम जम्कट्टेल मंगलबार काठमाडौं गएका थिए । बागमतीमा सरकार गठनको 'सिनारियो' नदेखिएको भन्दै जम्कट्टेलले प्रधानमन्त्री तथा माओवादी केन्द्र अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग भेटेका छन् । यता एमाले बागमतीका शीर्ष नेता पनि काठमाडौंमा जुटेका छन् । मंगलबारसँग एमाले र माओवादीबीच सरकारको विषयलाई लिएर संवाद हुन सकेको छैन ।

एमालेले प्रमुख प्रतिपक्षीको भूमिकाबाट पछाडि हटेर सत्तासमिकरणमा सहभागी बन्नुपर्ने अवस्था देखिएको छ । माओवादीसँग संवाद अगाडि बढेको छैन र केन्द्रको निर्णयपछि मात्रै छलफल सुरु हुने सम्भावना रहेको बताइएको छ । बागमतीमा माओवादी नेतृत्वको सरकार र प्रमुख प्रतिपक्ष रहेको एमालेबीच विगत ७ महिनादेखि बजेटको विषयलाई लिएर विवाद चलिरहेको थियो । चालू आर्थिक वर्ष २०८०/८१ को बजेटमा विपक्षी दलका छुटेका योजना समेट्ने लिखित सहमति सरकारले कार्यान्वयन नगरेको आरोप लगाउँदै प्रतिपक्ष दल एमाले र राप्रपा विरोधमा थिए । बजेट विवाद सुल्झाउन १७ फागुनमा बसेको प्रदेशसभा बैठकले बजेट तथा कार्यक्रम व्यवस्थापन विशेष समिति गठन गरेको छ । बैठकको २० फागुनमा काठमाडौंमा बैठक पनि बसिसकेको छ । गठबन्धनमा फेरबदल आएसँगै प्रतिपक्षबाट सत्तापक्षको कित्तामा आएको एमालेले सहमति कार्यान्वयनमा जोड दिने बताएको छ । बागमतीको मुख्यमन्त्रीमा एमालेले पनि दाउ हेरेको नेताहरु बताउँछन् । सत्ता समीकरणमा फेरबदल आएसँगै जम्कट्टेल मुख्यमन्त्रीको पनि टुंगो छैन । केन्द्रमा एमाले र माओवादीबीच कोशी र मधेश प्रदेशबाहेक पाँचवटा प्रदेशमा एमालेलाई ३ र माओवादीलाई २ मुख्यमन्त्रीको भागबण्डा लागेको चर्चा छ । नयाँ भागबण्डाअनुसार बागमती कुन दलले पाउने भन्नेमा निश्चित भइसकेको छैन । बागमती माओवादी केन्द्रकै भागमा परे जम्कट्टेल नै मुख्यमन्त्री रहनेछन् । एमालेको भागमा परे संसदीय दलका नेता जगन्नाथ थपलिया मुख्यमन्त्री हुने सम्भावना छ ।

बागमती प्रदेशमा सरकार गठनका लागि एमाले र माओवादीको मात्रै प्रदेशसभामा बहुमत पुग्न सक्दैन । त्यसैले अन्य कुन-कुन दललाई गठबन्धनमा सामेल गर्ने भन्नेबारे चर्चा सुरु भएको हो । यद्यपि नयाँ सत्ता गठबन्धनका दलहरु भने केन्द्रको निर्देशनको प्रतीक्षामा छन् । हाल बागमती प्रदेशमा माओवादी नेता जम्कट्टेल नेतृत्वको सरकारमा सहभागी नेपाली कांग्रेसले समर्थन फिर्ता लिएपछि सरकार अल्पमतमा परेको छ । सरकार लाई समर्थन गरेको हाम्रो नेपाली पार्टी भने सरकारबाहिर छ । ११० सदस्यीय प्रदेशसभामा सरकार गठनका लागि ५६ सांसदको समर्थन आवश्यक पर्छ । प्रदेशसभामा कांग्रेसको ३७, एमालेको २७, माओवादीको २१, राप्रपाको १३, एकीकृत समाजवादीको ७, नेपाल मजदुर किसान पार्टीको ३ र हाम्रो नेपाली पार्टीको २ सदस्य छन् । एमाले र माओवादीको कुल सांसद संख्या ४८ छन्, प्रदेशसभामा बहुमत पुऱ्याउन उनीहरुलाई थप ८ जनाको समर्थन चाहिन्छ । यदि एमाले-माओवादीले राप्रपाको समर्थन लिएमा सहजै सरकार बन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९१४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८० फागुन २५ गते शुक्रबार ८ मार्च २०२४ । त्रयोदशी, माघ कृष्णपक्ष । सिल्लागा ११४४ ने.सं. । सूर्योदय ६:२३, सूर्यास्त ६:०८ । महाशिवरात्रि । अन्तर्राष्ट्रिय नारी दिवस । नेपाली सेना दिवस

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : रोकिएका काम बन्ने योग छ | तुला | : समय उत्साहवर्द्धक छ |
| वृष | : लगानीको अवसर जुट्नेछ | वृश्चिक | : आम्दानी बढ्नेछ |
| मिथुन | : यात्रा अघि बढ्न सक्नेछ | धनु | : पितृधन लाभ हुनेछ |
| कर्कट | : वैदेशिक क्षेत्रबाट लाभ पाइनेछ | मकर | : नयाँ ज्ञान प्राप्त हुनेछ |
| सिंह | : छिमेकमा असमझदारी बढ्नेछ | कुम्भ | : कृषिमा हानि हुनेछ |
| कन्या | : प्रतिस्पर्धाबाट फाइदा मिल्नेछ | मीन | : व्यापारमा फाइदा मिल्नेछ |

# विकास, सुशासन र समृद्धि ल्याउला नयाँ गठबन्धनले ?



✍ सागर पण्डित

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले १४ महिनाको अवधिमा तीनवटा गठबन्धन बनाइसक्नुभएको छ । कांग्रेससँगको गठबन्धन तोडेर प्रचण्डले फेरि एमालेलगायतका दलहरुसँग नयाँ गठबन्धन बनाउनुभएको छ।

उहाँले पटक-पटक काँध फेर्ने काम गर्दै आइरहनुभएको छ । यसपटक पनि गठबन्धन फेरिँदा धेरै सर्वसाधारण नागरिकले यस्तो प्रतिक्रिया दिए- 'कागलाई बेल पाक्यो हर्ष न बिस्मात् ।' अर्थात् नागरिकमा कुनै पनि गठबन्धनप्रति विश्वास, रुचि र चासो छैन । यो सबै प्रमुख दल र तिनका नेताहरुको शासकीय अक्षमताको परिणाम हो ।

दलहरुले काम गर्दा असफलता हासिल गरिसकेकाले पुराना दलहरुप्रति आमजनतामा वितृष्णा 'बढ्दो छ । त्यसमा पनि जनताले गठबन्धनलाई 'ठगबन्धन' भनेर निन्दा गर्ने गरेका छन् । यो सबै सत्ता चलाउने राजनीतिक दल र तिनका नेताहरुको अपारदर्शी चरित्र र भ्रष्ट प्रवृत्तिको उपज हो । जसले गठबन्धन गरे पनि अधिकांश जनता सन्तुष्ट हुन सकिरहेका छैनन् ।

आमजनता सबैभन्दा रुष्ट यस मानेमा छन् कि मुलुकमा चौतर्फी भ्रष्टाचार र कुशासन मौलाउँदो छ । सेवाप्रवाह कमजोर छ । नागरिकहरु सरकारी सेवा लिन जाँदासमेत घुस खुवाउनुपर्ने बाध्यता छ । त्यसैले पनि आमनागरिक सरकार र सत्तासँग वाक्कदिक्कको अवस्थामा छन् । त्यसैले जनताले 'जुन जोगी आए पनि कानै चिरेको' भन्ने उखान बारम्बार दाहोऱ्याइ रहेका छन् ।

गठबन्धन नै लोभी-पापीहरुले खान र कुस्त कमाउनकै लागि गर्ने हुन् भन्ने सोचाइ आमजनतामा परेको छ । हुन पनि विगत १४ महिनाको अवधिमा सरकारले जनताको पक्षमा प्रभावकारी काम गर्न सकेन । विकास, सुशासन र समृद्धिको गति पूर्णरुपमा अवरुद्ध हुँदै आइरहेको छ । त्यसभन्दा अघिको गठबन्धन सरकारको पनि हालत उस्तै थियो । कसरी हुन्छ पैसा कमाउने र मोजमस्ती गर्ने भन्नेमा नै तत्कालीन शासक र नेताहरुको दिनचर्या बित्ने गरेको थियो । अहिले पनि अवस्था उस्तै छ ।

विगतदेखि नै हेर्ने हो भने गठबन्धनका नेताहरुलाई जनताको गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा, प्रविधिसम्बन्धी समस्या के-कसरी समाधान गर्न सकिन्छ भन्नेमा खासै रुचि छैन । गठबन्धन बैठकमा यी विषयमा खासै छलफल हुदैन । विगत १४ महिनायता बनेको गठबन्धनले कहिल्यै पनि सुशासनको विषयमा गम्भीर छलफल गरी भ्रष्टाचार रोक्ने विशेष अभियान सञ्चालन नै गर्न सकेन ।

उल्टो कहाँ, कसरी पैसा आर्जन हुन्छ र त्यसको लागि के-कसरी काम गर्नुपर्छ भन्ने विषयमा फट्याइँपूर्ण रणनीति बनाउनमा नै उनीहरुको अधिकांश समय बित्न पुग्यो । यस अवधिमा सरकारका विभिन्न मन्त्रालय मातहत भएका अधिकांश नियुक्तिलाई हेर्ने र विश्लेषण गर्ने हो भने पनि प्रस्ट थाहा हुन्छ । प्रायजसो सबै नियुक्तिमा योग्यता, दक्षता र क्षमताभन्दा पनि आफूनिकटका अक्षम व्यक्तिहरुलाई नियुक्त गरिएको छ । अझै कतिपय नियुक्तिमा त आर्थिक लेनदेनसमेत भएका विषयहरु आए ।

त्यस्तो प्रवृत्तिले मुलुकमा कुशासन झनै मौलायो । सेवाप्रवाह कमजोर भयो । जनतामा निराशा अझै बढ्यो । प्रधानमन्त्री प्रचण्डले अघि सार्नुभएको सुशासन, सामाजिक न्याय र समृद्धिको एजेन्डाले यस समयमा नराम्ररी हावा खायो । गठबन्धनका बैठकहरुले कहिल्यै पनि आमजनताका एजेन्डाहरुलाई सम्बोधन गर्नै सकेनन् । गठबन्धनको बैठक कहाँ कसलाई र आफ्नो मान्छेलाई कसरी फिट गर्ने र त्यसबाट फाइदा लिने भन्नेमा नै बित्ने गरेको छ । अहिले नयाँ गठबन्धन बनेसँगै सरकार मन्त्रीविहीन अवस्थामा छ । गठबन्धनबाट एक-एकजना मन्त्री नियुक्ति भए पनि उनीहरुले सोही दिन नै जिम्मेवारी पाउन सकेनन् । अझै सबै मन्त्रालयमा मन्त्रीहरु आउन कैयौं दिन लाग्ने निश्चित छ । यदि नयाँ गठबन्धनको सरकारले छिटोभन्दा छिटो सबै मन्त्रालयमा मन्त्रीहरुको टुंगो लगाउन सकेन भने यो गठबन्धन पनि उही पुरानै गठबन्धनजस्तो ठहरिनेछ ।

यद्यपि प्रधानमन्त्री प्रचण्डले पुरानो गठबन्धनले सुशासन, सामाजिक न्याय र समृद्धि ल्याउने गरी काम गर्ने विषयमा अवरोध सिर्जना गरेको र कांग्रेसलगायतका दलका मन्त्रीहरुले जनताको अपेक्षाअनुसार काम गर्न नसकेकाले गठबन्धनसहित सरकारका मन्त्रीहरु फेरबदल गर्नुपरेको स्पष्टीकरण दिइरहनुभएको छ । उहाँको यस्तो स्पष्टीकरण खासै चित्त बुझ्दो त छैन, तैपनि एकपकट फेरि उहाँलाई शंकाको लाभ दिन नसकिने भने होइन। यसका लागि उहाँले अब नयाँ गठबन्धन बनेको दिनदेखि नै आफ्नो कार्यशैली र प्रवृत्ति पूर्णरुपले बदल्न सक्नुपर्छ।

मन्त्री छनौट गर्दा उहाँले गठबन्धनधारी दलहरुसँग विशेष छलफल गरी राम्रा, क्षमतावान्, इमानदार खालका व्यक्तिहरुलाई मात्रै मन्त्री बनाउनुपर्छ । सत्तारुढ दलका नेताहरु तथा प्रधानमन्त्री प्रचण्डलगायतको उनको टिमले अब भ्रष्टाचारमा शून्य सहनशीलताको नीतिलाई व्यवहारमा कठोररुपमा उतार्नै पर्ने देखिन्छ । प्रचण्डले साँच्चै नै केही गरेरै देखाउनका लागि गठबन्धन परिवर्तन गरेको बताउनुभएको छ । त्यसैले उहाँ पूर्णरुपले सच्चिनुपर्छ । उहाँले बोली र व्यवहारमा पूर्णरुपमा एकरुपता ल्याउनुपर्छ । राजनीतिक नेतृत्व र प्रशासनिक नेतृत्व दुवैमा इमानदारिता, नैतिकता र पारदर्शी चरित्र विकास हुन सक्यो भने पक्कै पनि मुलुकले छिटै विकास र प्रगतिको मार्ग समाउन सक्छ । गठबन्धनका अरु नेताले पनि प्रधानमन्त्रीलाई अनावश्यक दबाब दिने र काममा अस्वाभाविक हस्तक्षेप गर्नुहुँदैन । उहाँलाई स्वतन्त्रपूर्वक काम गर्ने अवसर प्रदान गर्नुपर्छ ।

प्रधानमन्त्रीका योजना र सपनालाई व्यावहारिकरुपमा कार्यान्वयनमा ल्याउने प्रमुख निकाय भनेको प्रशासनतन्त्र (कर्मचारीवर्ग) हो । प्रचण्डले आफ्ना सरकारका नीति तथा कार्यक्रम र आफ्ना महत्वकांक्षी योजनामार्फत आमप्रशासनतन्त्रमा विशेष प्रकारको भाइब्रेसन ल्याउन सक्नुपर्छ । हाम्रो प्रशासनतन्त्रमा पनि केही खराबी पक्कै छ । तर पनि राजनीतिक नेतृत्व सही र ट्र्याकमा रहन सक्यो भने प्रशासनतन्त्रबाट उसले सहजै सहयोग पाउन सक्छ ।

त्यसैले अब प्रधानमन्त्री प्रचण्डको पहिलो प्राथमिकता आफू सच्चिएर सोही अनुसारका राम्रा कामयावी टिम बनाउनुपर्छ । आम कर्मचारीमा आर्थिक अनुशासन, नैतिकता, सदाचार कायम राख्न सक्नुपर्छ । नयाँ गठबन्धनको अब बस्ने बैठकहरुमा सुशासन, सामाजिक न्याय र समृद्धिको विषयलाई दैनिक छलफलको विषय बनाइनुपर्छ । अब साँच्चै नै यो गठबन्धनले आम जनतामा निराशा होइन, आशाको सञ्चार जगाउन सक्नुपर्छ । त्यसको लागि दिनको संकेत बिहानीले गर्छ भनेझैँ आजैदेखि, अहिल्यैदेखि प्रधानमन्त्रीले सुधार अभियान थाल्नुपर्छ । प्रधानमन्त्रीले सोही अनुसारको निजी, स्वकीय टिम बनाउनुपर्छ भने मन्त्रीहरु छनौटमा पनि विशेष ध्यान पुऱ्याउन सक्नुपर्छ ।

प्रधानमन्त्री प्रचण्डले मुलुकलाई साँच्चै रुपान्तरण गर्ने हो भने प्रशासन क्षेत्रमा पनि व्यापक सुधारको थालनी गर्नै पर्छ । त्यसका लागि सर्वप्रथम आफैं सादगी भएर प्रशासनमा व्याप्त रहेको विकृति र विसंगति हटाउनुपर्छ । प्रधानमन्त्री प्रचण्डले आगामी दिनमा मन्त्रिपरिषद्मा रहने आफ्ना सारथी सबै मन्त्रीहरुलाई पनि सुशासनको मार्गमा हिँडाउन सक्नुपर्छ । आफ्ना मन्त्रीलाई जति पनि भ्रष्टाचार गर्न छुट दिने तर कर्मचारीतन्त्रमाथि मात्रै सुधार गर्न खोजेर त्यो सम्भव हुँदैन ।

मन्त्रालयमा मन्त्री असल र सुधारक चरित्रका छन् भने त्यहाँको कर्मचारीतन्त्र पनि त्यस्तै हुन बाध्य हुन्छ । त्यसैले मन्त्रीहरु छनौट गर्दा विशेष ध्यान दिनै पर्छ । कसैलाई भाग पुऱ्याउनकै लागि जस्तासुकै व्यक्तिलाई पनि मन्त्री बनाउन थालियो भने प्रचण्ड नेतृत्वको नयाँ सरकारको अधोगति त्यहीँबाट शुरु हुन सक्छ ।

प्रधानमन्त्री प्रचण्डले देशको गरिबीको अवस्थामा सुधार ल्याई मुलुकलाई अति कम विकसित देशबाट ग्राजुएसन गरी विकासशील मुलुकमा रुपान्तरण गर्ने र दोहोरो अंकको आर्थिक विकास हासिल गर्ने लक्ष्य लिएर त्यसका लागि प्रशासन संयन्त्रलाई प्रभावकारीरुपमा परिचालन गराउन सक्नुपर्छ । यसै गरी उत्पादनमा चार-पाँच गुणा वृद्धि गर्ने लक्ष्य राख्नुपर्छ र सोही अनुसार सरकारलाई दौडाउन सक्नुपर्छ । यो गठबन्धनमा राष्ट्रिय स्वतन्त्र पार्टीसमेत सहभागी भएकाले केही आशा गर्न सकिन्छ । एमाले र माओवादीले आफूहरु सच्चिएर साँच्चै नै मुलुकलाई सुधार गर्ने लक्ष्य लिएर अघि बढ्ने हो भने उनीहरुले धेरै गर्न सक्छन् ।

हामीकहाँ दण्डहीनता यति धेरै मौलायो कि त्यसले समग्र शासन प्रणालीलाई नै पक्षघातजस्तै बनाइदियो। यद्यपि विगतका राजनीतिक नेतृत्वले कर्मचारीको बद्मासीलाई रोक्नुको साटो उल्टो प्रश्रय दिँदै आफूलाई पनि कर्मचारीतन्त्रै चरित्रमा रुपान्तरण गर्न पुग्दा पनि समस्यामाथि समस्या थोपरिएको हो। यस्तो खाले समस्या आउन नदिन प्रधानमन्त्री प्रचण्डले विशेष ध्यान दिनै पर्छ । भोलिका दिनमा पनि खराब आचरण गरेको पाइएमा तथा काम गर्न नसकेको देखिएमा त्यस्ता मन्त्रीहरुलाई तत्काल हटाउन सक्नुपर्छ ।

प्रधानमन्त्री प्रचण्ड र उनको सरकारले प्रशासनयन्त्रलाई लक्ष्य अनुसार हिँडाउन सबै तहका निजामती कर्मचारीको नैतिकता, सदाचार, आचरण, अनुचित कार्य र भ्रष्टाचारजन्य क्रियाकलापको विरुद्ध निरन्तर अनुगमन गर्न जरुरी छ । प्रधानमन्त्रीले भ्रष्टचारविरुद्ध कार्यरत ओभरसाइट एजेन्सीहरुलाई पनि शक्तिशाली, स्वतन्त्र र स्रोत-साधन सम्पन्न बनाउनुपर्छ।

यदि यसो गर्न नसकी गठबन्धन फेरि रहने, सत्ता-शक्तिमा मात्रै रमाइरहने तर देश र जनतालाई कुनै पनि परिवर्तनको अनुभूति दिन नसक्ने हो भने प्रधानमन्त्री र नयाँ गठबन्धन आफैं पतनतर्फ जानेछ। अहिलेको अवस्थामा कुनै सुधार गर्न नसकेमा उनीहरुका लागि आगामी निर्वाचनसमेत निकै महँगो साबित हुन सक्छ ।

*(साभार: नेपाल समाचारपत्र)*

# राजनीति 'बाउ' हो भने प्रशासन 'आमा'



✍ मधुसूदन पन्थी



कहिले कसले भन्यो भन्ने ठ्याक्कै याद भएन, ती विश्लेषकले भन्दै थिए– 'सामान्य प्रशासन मन्त्रालय खसी-बजार हो । जहाँ नेताहरूले छानी-छानी मोलमोलाइ गरेर चिल्ला खसी लैजान्छन् ।' प्रशासनमा भएको बेथितिलाई प्रस्तुत गर्ने योभन्दा कडा प्रतीकात्मक व्यंग्य अरु नहोला । मन्त्रालयका सचिवहरूदेखि वडाका सचिवहरू समेत फुटबलझैँ यता-उता दौडाइएको यथार्थ हेर्दा यो भनाइ ठिकै हो जस्तो पनि लाग्छ ।

हाल नेपालका ७५३ स्थानीय तहमध्ये दुई सयभन्दा बढी निमित्तका भरमा चलेका छन् । मधेस प्रदेशमा सबैभन्दा बढी स्थानीय निकाय प्रमुखविहीन छन् । स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत र राजनीतिक प्रतिनिधिबिच भएका द्वन्द्वका कारण पनि स्थानीय तह र वडाहरू खाली भएका हुन सक्छन् तर त्यसमा अन्य सहायक कारण पनि होलान् । बेलाबेला स्थानीय तहका प्रमुख र कार्यकारीका बिचमा द्वन्द्व मात्र होइन, हात हालाहालको स्थिति समेत भएको समाचार समय समयमा मिडियामा पनि आउँछन् ।

'काले काले मिलेर खाउँ भाले' भन्ने सिद्धान्त अपनाएका ठाउँमा तथा सिस्टमपूर्वक काम भएका ठाउँमा विवादका कुरा बाहिर खासै आउँदैनन् । राजनीति र प्रशासनका आ-आफ्नै सीमारेखा छन् । ती सीमारेखा नबुझ्ने र बुझेर पनि एक-अर्काको कार्य क्षेत्रमा हस्तक्षेप गर्न खोज्दा पनि त्यस्ता समस्या निम्तिएका देखिन्छन् । म जान्ने-सुन्ने छु, उत्कृष्ट भएर छानिएर आएको हुँ भन्ने सर्वेसर्वावादी सोच केही कर्मचारीमा देखिन्छ ।

कतिपय नेतामा लुई चौधौंको जस्तै 'म नै राज्य हुँ' भन्ने सोच समेत देखिन्छ । सिंहदरबारको रोग गाउँका सिंहदरबारमा समेत छिरिसकेको छ । गाउँका सिंहदरबारमा 'चन्द्र शमशेर' जन्मन थालेको तीतो यथार्थ समेत अर्कोतिर छ । कानुन थिचेर काम गरे 'हिरो' बनेको महसुस गर्छन्, अधिकांश नेताहरू ।

कर्मचारी प्राय: प्रक्रियामुखी हुन्छन्, उनीहरूलाई नियम-कानुनको डर हुन्छ । नेतालाई नियम कानुन जसरी मिलाएर भए पनि परिणाम र काम चाहिएको हुन्छ । कर्मचारीलाई परिणाममुखीभन्दा प्रक्रियामुखी भए भन्ने आरोप पनि लाग्ने गर्छ । त्यो आरोप मात्र होइन, सत्य पनि हो । हरेक कर्मचारी हस्ताक्षर गर्नुभन्दा पहिला निधार खुम्चाउँछ, सिलिङतिर फर्कन्छ, कपाल कन्याउँछ तर नेताले धेरै सोच्दैनन् ।

बहुचर्चित बालुवाटार जग्गा हिनामिना प्रकरणमा कर्मचारी फसे तर नेता उम्के । नेताहरूले हस्ताक्षर गर्नुपर्दैन । हस्ताक्षर गर्ननपर्ने ठाउँमा कानुनी रूपमा फस्ने सम्भावना अत्यन्तै न्यून हुन्छ । नेताहरूले कर्मचारीलाई गैरकानुनी काम गर्न दबाब दिने गरेका कारण पनि द्वन्द्वको अवस्था सिर्जना भएको देखिन्छ ।

वास्तवमा कर्मचारीको पेसा 'ह्वाइट कलर जब' हो । सेतो सर्टमा दाग लागेको राम्रो होइन । तर यहाँ अधिकांश कर्मचारी राजनीतिका आडमा 'सुपर' बन्न कुँदिरहेका छन् । कर्मचारीहरू राजनीतिक कित्तामा विभाजन भएपछि अर्को राजनीतिक विचारको व्यक्ति वा दल सत्तामा आउँदासाथ स्वाभाविक रूपमा द्वन्द्व चलिहाल्छ । कर्मचारीले राजनीति गर्दाको परिणाम पनि हो, सचिवदेखि स्थानीय कार्यकारीसम्मको 'खसी बजार मेला' । भनिन्छ, राजनीति र प्रशासन दुवैको लक्ष्य र उद्देश्य वास्तवमा जनहित र जनताको सेवा नै हो । सेवा आफू र आफ्नाको गरे कि देश र जनताको गरे भन्ने आफ्नै ठाउँमा छ । सैद्धान्तिक तथा दार्शनिक रूपमा हेर्ने हो भने यी दुवै (राजनीति र प्रशासन) देश र जनताका लागि हुन् । राजनीति सबै नीतिहरूको मूल नीति हो अनि देशका सबै नीति मूलत: राजनीतिक तहबाटै बन्ने भएकाले यसलाई मुख्य मानिन्छ ।

प्रशासन राजनीतिभन्दा माथि हुँदैन भन्ने मान्यता छ । राजनीतिक तहबाट देशका नीति तथा कार्यक्रम तय हुन्छन् । प्रशासनिक तहबाट त्यसलाई कार्यान्वयनमा लगिन्छ । वास्तवमा जनतालाई लोकतान्त्रिक व्यवस्थाको स्वाद चखाउने पनि कर्मचारी नै हुन्छ । कर्मचारीले जनताको घरदैलीमै पुगेर सेवा प्रवाह गर्छन् । वास्तवमा राजनीति (नेता)ले राज गर्ने हो भने प्रशासनले शासन गर्ने हो ।

कुनै पनि देशको शासन त्यो देशको कर्मचारीतन्त्रभन्दा राम्रो बन्न सक्दैन । त्यसैले कर्मचारी प्रशासन सबल, सक्षम, निष्पक्ष, जनमुखी हुनुपर्छ । यो 'जनताको दु:खसुखको साथी' बन्न सक्यो भने जनताले सरकार भएको अनुभूति गर्न सक्छन्, तर त्यस्तो कर्मचारी संयन्त्र बन्नका आवश्यक धेरै सर्तमध्ये राजनीतिक प्रभावहीनता एक हो । त्यसो त राजनीतिबाट अलग गराउनासाथ प्रशासनमा सुधार आउँछ भन्नेचाहिँ होइन । राजनीतिले प्रशासन सुधार गर्न सक्छ, तर प्रशासनले राजनीतिमा सुधार ल्याउने ल्याकत राख्न सक्दैन । म्याक्स बेवरले परिकल्पना गरेकै कर्मचारीतन्त्रका विशेषता लिएर आजको कर्मचारीतन्त्र अगाडि बढेको छ । एआईको विकास भइसकेको अवस्थामा पनि कर्मचारीतन्त्रको भूमिका तथा कार्यशैली भिन्न होला तर यसको विकल्प हुन सक्दैन । समयानुकूल परिवर्तित निजामती सेवा आजको आवश्यकता हो । राजनीति र प्रशासन दुवै समयानुकूल परिवर्तन हुनैपर्छ ।

प्रशासन मेरिटोक्रेसीमा आधारित स्थायी प्रवृत्तिको हुन्छ तर राजनीतिक नेतृत्व निश्चित समयावधिका लागि जनमतबाट छनोट भएर आएको हुन्छन् । दुवैका आफ्ना आफ्ना सीमा र शक्ति छन् । प्रशासनमा हुने पेसागत दक्षता र कुशलता राजनीतिज्ञमा हुँदैन, तर राजनीतिज्ञमा हुने पावर प्रशासनमा हुँदैन । त्यही पावरको जुँगे लडाइँ हुँदा पनि द्वन्द्व चल्छ ।

यो दुनियाँका ठुला परिवर्तन राजनीतिक आन्दोलनबाटै हुने हुन् । प्रशासनले सामान्य सुधारभन्दा बढी गर्न सक्दैन तर त्यो परिवर्तन टिकाउन प्रशासन एक्लैले सक्दैन । प्रशासनलाई कुन दिशातिर डोऱ्याउने भन्ने लगाम राजनीतिकै हातमा रहेको हुन्छ । त्यसैले प्रशासनलाई 'अरबी घोडा' को संज्ञा पनि दिइन्छ । अरबी घोडामा चढ्ने मान्छे कुशल छ भने ठिक ठाउँमा पुऱ्याउँछ तर सिकारु छ र अनावश्यक हप्की-दप्की मात्र गर्छ भने घोडाले कतिबेला लडाउँछ भन्ने पत्तै हुँदैन । तसर्थ प्रशासन सुधार गर्न सबल सक्षम र नैतिक राजनीतिक संयन्त्र हुन जरुरी छ । जागिर सेवा होइन, जीविकोपार्जनका लागि कर्मचारी तलब खान्छन् । रिटायर्ड भएपछि पनि पेन्सन खान्छन्, तर राजनीति सेवा हो । सेवाभावले राजनीतिमा आउने हो । कमाउन र जीविकोपार्जनको स्रोत बनाउन कोही राजनीतिमा जोडिने होइन ।


राजनीति र प्रशासनको विभाजनका कुरा गर्दा पूर्वअमेरिकी राष्ट्रपति उड्रो विल्सनलाई बिर्सन मिल्दैन । विल्सनले 'द स्टडी अफ् एडमिनिस्ट्रेसन' शीर्षकको लेखमार्फत राजनीति र प्रशासनको विभाजनको धुमिल रेखा देखाउने काम गरे । त्यसो त राजनीति र प्रशासन भिन्न होइनन् । यिनीहरूबिच सहसम्बन्ध रहेको हुन्छ भन्ने मान्यता पनि छ । डेमिङ र उड्रफले राजनीति र प्रशासनको सहसम्बन्ध रहेको कुरा गर्दै 'नट सेपरेट बट हार्मोनी' भन्ने सिद्धान्त पनि अघि सारेका छन् । कर्मचारीतन्त्रलाई कतिपयले 'नन इलेक्टेड सिनेट' पनि भन्ने गरेका छन् । यी दुवै उस्तै हुन्, तर एउटै होइनन् । धेरै काम एउटै टेबलमा बसेर गर्छन् तर आफ्नै सीमा छन् । 'पावर एक्सर्साइज' गर्ने क्रममा एकले अर्काको कार्य क्षेत्रमा प्रवेश गर्न खोज्दा द्वन्द्व सिर्जना हुन्छ ।

एकै घरमा बस्ने लोग्ने-स्वास्नी जस्तै हुन्, प्रशासन र राजनीति । एउटै बिस्तारामा सुत्छन् तर भिन्न हुन् । केही कार्य समान किसिमका भए पनि भिन्न प्रकृतिका हुन्, समृद्धिको जन्म हुन यी दुवै आपसमा मिल्नैपर्छ । जसरी पेटमा गर्भ बोकेर आमाले बच्चाको जन्म दिन्छिन्, त्यस्तै प्रशासनले प्रशव पीडा भोगेर समृद्धि र विकासलाई जन्माउँछ । राजनीतिविना प्रशासनले मात्र समृद्धिको गर्भधारणा गर्न सक्दैन । अत: राजनीति 'बाउ' हो भने प्रशासन 'आमा' । राजनीति भाले भूमिकामा रहन्छ, प्रशासन पोथी भूमिकामा । फूल पार्ने, बच्चा कोरल्ने र हुर्काउने काम पोथीले गरे पनि टोल थर्काउने गरी बास्दैन । बास्ने, टोल थर्काउने र निद्राबाट ब्युँझाउने काम भालेको हो । राजनीतिका कामभन्दा कुरा धेरै हुन्छन्, तर प्रशासन कुराभन्दा काम बढी गर्ने क्षेत्र हो ।

अर्को ढंगले भन्दा राजनीति र प्रशासन सौता सौताका छोरा र छोरीजस्तै पनि हुन् । बाउ एउटै हुन्, आमा भिन्न तर एउटै परिवारका सदस्य हुन् । मिलेर बस्नुपर्ने हो तर प्राय: झगडा गरिरहन्छन् । मिलेर बसे भने परिवार फूलबारीजस्तै बन्छ । झगडा गर्न थाले काँडाघारी !

*(साभार: रातोपाटी)*

# कति फरक पार्न सक्छ एउटा अर्थमन्त्रीले ?



काठमाडौं/सन् २०१६ मा चर्चित बेलायती म्यागजिन 'द ब्यांकर'ले डा. रामशरण महतलाई विश्वकै उत्कृष्ट अर्थमन्त्री घोषणा गरेपछि धेरै नेपालीले खिसिट्युरी गरे । तर, २०७२ (सन् २०१५) मा गएको विनासकारी भूकम्पपछिको उद्धार, राहत र पुनर्निर्माणमा असाधारण काम गरेको भन्दै उनलाई त्यो उपाधि दिइएको थियो ।

भूकम्प गएलगत्तै डा. महतले तत्कालै अन्तर्राष्ट्रिय दाता तथा मित्रराष्ट्रहरुसँग संवाद गरी आपतकालीन उद्धार तथा राहतलाई १५ अर्ब जुटाए । पुनर्निर्माणसम्बन्धी सफल सम्मेलनमार्फत ४ खर्ब १० अर्ब रुपैयाँभन्दा बढी सहयोगको प्रतिबद्धता ल्याउन सफल भए, त्यसमध्ये अधिकांश प्राप्त भयो पनि । भूकम्पलगत्तै २५ हजारभन्दा बढी घाइतेको सरकारले नि:शुल्क उपचार गऱ्यो र ७ हजार ५ सयभन्दा बढीलाई हेलिकोप्टरबाट उद्दार गरेर अस्पताल पुऱ्याएको थियो ।

द ब्यांकरले त्यसबेला लेखेको छ, 'भूकम्पले लिएको ज्यानबाहेक उपचार अभाव र भोकमरीले एकजना पनि मरेनन् ।' त्यसैलाई द ब्यांकरले असाधारण मान्यो र उनलाई सर्वोत्कृष्ट अर्थमन्त्री घोषणा गरियो ।

भूकम्प गएको एक महिनामै सरकारले विपद्पछिको आवश्यकता मूल्यांकन (पीडीएनए) प्रतिवेदन तयार पारेको थियो, जसले भूकम्पबाट ६ खर्ब रुपैयाँभन्दा बढी क्षति भएको देखायो । भूकम्पपछिको पहिलो बजेट आव ०७३/७४ मा ९० अर्ब रुपैयाँभन्दा बढी रकम पुनर्निर्माणमा विनियोजन गरे । भूकम्प, नाकाबन्दी र तराईको आन्दोलनको बाबजुद पनि त्यसबेला नेपालका आर्थिक सूचकहरु खासै नखस्किनुलाई पनि द ब्यांकरले उदाहरणीय मानेको छ । नेपालले अहिले पुनर्निर्माणका अधिकांश काम सम्पन्न गरेको छ, जसलाई विश्वबैंकले संसारकै सफलमध्येको पुनर्निर्माण मानेको छ ।

नेपालमा उदारीकरणका आर्किटेक्ट डा. महतका समर्थक र आलोचक दुवै उत्तिकै छन् । तर, अर्थमन्त्रीका रुपमा उनको अन्तिम कार्यकालमा भूकम्पपछिको संकटबाट मुक्ति पाउन लिएको पहलकदमीका कारण विश्वव्यापी रुपमा उनको कद निकै माथि पुऱ्यायो ।

यस्ता अपर्झट आइपर्ने संकट वा विस्तारै आउने आर्थिक मन्दीबाट पार पाउन कस्तो अर्थमन्त्री चाहिन्छ भन्ने विषयमा संसारभर मतैक्य छैन । भारतमा हालसम्म भएका अर्थमन्त्रीमध्ये सबैभन्दा राम्रो को हो भन्ने प्रश्नमा रिजर्भ बैंक अफ इन्डियाका पूर्वगभर्नर तथा अमेरिकाको सिकागो विश्वविद्यालयका प्राध्यापक रघुराम राजनले मनमोहन सिंह र यसवन्त सिन्हाको नाम लिएका थिए । मनमोहन सिंह दुई कार्यकाल भारतको प्रधानमन्त्री पनि भए । तर, उनलाई विश्व र भारतले प्रधानमन्त्रीका रूपमा भन्दा पनि एक सफल अर्थमन्त्रीका रूपमा बढी सम्झन्छ ।

यसको खास कारण छ । लामो समयको लाइसेन्स राजका कारण भारत सन् १९९१ मा टाट पल्टिने अवस्थामा पुगेको थियो । विदेशी मुद्राको सञ्चिति एक अर्ब २० करोड डलर मात्रै थियो, जसले तीन साताको आयात पनि धान्दैनथ्यो, त्यो अवस्था केही साता मात्रै रहँदा भारत टाट पल्टने निश्चित थियो । त्यस्तो अवस्थामा तत्कालीन अर्थमन्त्री सिंहले भारतमा उदारीकरण घोषणा गरे । भारत स्वतन्त्र भएदेखि नै कांग्रेस पार्टीले समाजवादी अर्थतन्त्र अँगाल्दै आएको थियो । तत्कालीन प्रधानमन्त्री पीभी नरसिंह रावलाई विश्वासमा लिएर उनले सुझबुझपूर्ण ढंगले उदार आर्थिक नीति सुरू गरे, त्यो नै भारतको आर्थिक वृद्धिको इन्जिन बन्न पुग्यो ।

यसवन्त सिन्हा सन् १९९१ मा मनमोहन सिंह अर्थमन्त्री हुनुभन्दा ठ्याक्कै अघि कामचलाउ सरकारमा केही महिना अर्थमन्त्री भएका थिए । त्यसबेला चुनावी कार्यक्रममा पटनामा रहेका बेला उनले सुन धितो राखी बैंक अफ् इङ्ल्यान्डबाट ४० करोड डलर ऋण लिने निर्णय गरेका थिए, जसले भारतमा आर्थिक सुधार सुरू भएको थियो । सन् १९९८ मा अटल बिहारी बाजपेयीको प्रधानमन्त्रीत्व कालमा उनले अर्थमन्त्रीको जिम्मेवारी पाए । त्यसबेला भारतमा थप आर्थिक सुधार गर्ने कि नगर्ने भन्ने विवाद थियो । 'तर, सिन्हाले मुलुकलाई थप सुधार आवश्यक छ भनेर त्यसलाई अघि बढाइरहे । भारतको कर प्रणालीलाई सरल बनाए र केही बैंकहरुसमेतमा सरकारको लगानी विनिवेश गरी निजीकरणलाई अघि बढाए, त्यही भएर उनी पनि उत्कृष्ट अर्थमन्त्री हुन्,' डा. राजन भन्छन् ।

कुनै पनि मुलुकको अर्थतन्त्र सधैं उम्दा हुँदैन । कहिले अत्यन्तै राम्रो पनि हुनसक्छ, कहिले खराब । यो अर्थतन्त्रको चक्र नै हो । तर, संकटमा परेको अर्थतन्त्रलाई अर्थमन्त्रीको सुझबुझले कसरी पार लगाउन सक्छ भन्ने हेर्न नेपालका डा. महत, भारतका डा. सिंह तथा सिन्हाका उदाहरण उपयोगी हुनसक्छन् ।

कसैले माने पनि नमाने पनि अहिले मुलुक निकै गम्भीर आर्थिक संकटमा छ । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड निवर्तमान अर्थमन्त्री डा. प्रकाशशरण महतले डेलिभरी नदिएकै कारण गठबन्धन फेर्नुपरेको बताइरहेका छन् । कांग्रेससहितको गठबन्धन नै रहँदा प्रधानमन्त्रीले वर्षमान पुनलाई अर्थमन्त्री बनाउन चाहेका थिए, स्वाभाविक रुपमा नयाँ गठबन्धनमा उनैले अर्थमन्त्री पाए ।

अर्थशास्त्रमै पीएचडी लगायत विज्ञता र अनुभव लिएका प्रकाशशरण महतले गर्न नसकेको डेलिभरी पुनले कसरी देलान् भन्ने आशंका मानिसहरुले गरिरहेका छन् ।

निश्चय पनि पुन अहिलेको नयाँ गठबन्धनको सूत्रधार हुन् । त्यसैले पार्टीभित्र मात्रै होइन, गठबन्धनमै उनी प्रभावशाली र हनेछन् । यसअघि २०६८ सालमा उनी पहिलोपटक अर्थमन्त्री भएका थिए । माओवादी सेनाको कमान्डर पृष्ठभूमिका पुनले अर्थ मन्त्रालयको जिम्मेवारी पाउँदा उनले अर्थतन्त्र सुधार गर्लान् भन्ने अपेक्षा कमैले गरेका थिए । तर, उनले अर्थतन्त्र थप नबिगारीकन बिदा भए, जसका कारण मन्त्रालयभित्र उनले राम्रै छाप छोडेका थिए ।

अघिल्लो पटकजस्तै यसपालि पनि पुन गठबन्धनमा भएको उलटफेरपछि अर्थ मन्त्रालयको बागडोर सम्हाल्न आइपुगेका छन् । यो राजनीतिक परिवर्तनले अस्थिरतालाई संस्थागत गरेको र अर्थतन्त्रलाई कर्नरमा पारिएको पूर्व अर्थसचिव रामेश्वर खनाल बताउँछन् ।

अर्थतन्त्र सुधार गर्ने जतिसुकै भाषण गरे पनि मुलुकलाई स्थिरता नदिने हो भने त्यो नहुने खनालको भनाइ छ । 'बजेटको सिद्धान्त र प्राथमिकता एउटा अर्थमन्त्रीले पेश गर्नुभयो । कानुन अनुसार त्यसलाई फर्काउन मिल्दैन । अनि बजेट अर्को अर्थमन्त्रीले पेस गर्नुहुनेछ,' खनालले भने, 'सरकारबाट हटेको अर्थमन्त्रीले पेश गरेको सिद्धान्त र प्राथमिकताको स्वामित्व लिएर बजेट बनाउने कि नलिएर ?'

साँच्चै डेलिभरी नै दिने नियत हो भने नयाँ अर्थमन्त्रीले तीनवटा विषयमा आफूलाई केन्द्रित गर्नुपर्ने खनालको मत छ ।

पहिलो- पूँजीगत खर्चको सामर्थ्य बढाउनुपर्ने उनी बताउँछन् । अहिलेको आर्थिक समस्याको जड नै पूँजीगत खर्च कम हुनु हो । 'मौद्रिक नीतिमार्फत ब्याजदर घटाएर आर्थिक सुस्ती समाधान हुन्छ भन्ने भाष्य गलत भइसकेको छ,' उनले भने, 'साना तथा मझौला उद्योगलाई बचाउन तथा अर्थतन्त्रलाई गति दिन सरकारको वित्तीय नीतिले नै हस्तक्षेप गर्नुपर्छ । त्यसका लागि माग बढाउनुपर्छ । माग बढाउन बढी खर्च गर्नुपर्छ ।'

दोस्रो- सरकारले वित्तीय स्थायित्व र अनुशासनमा पनि ध्यान दिनुपर्ने उनी बताउँछन् । 'सरकारको चालू खर्च बढेको छ । प्रधानमन्त्रीले अयोग्य लडाकु र सहिदका नाममा अझै पैसा वितरण गर्न चाहेको भनेर मिडियाहरुमा आएको छ । प्रतिफल नदिने वितरणका कार्यक्रम रोकेर विकास निर्माणमा केन्द्रित हुनुपर्छ,' खनाल भन्छन् । प्रधानमन्त्रीका विश्वासपात्र अर्थमन्त्रीले यस्ता वितरणमुखी कार्यक्रमलाई नै अघि नबढाउलान् भन्ने आधार छैन ।

तेस्रो- अहिले भुक्तानी सन्तुलन सकारात्मक रहेको, विदेशी मुद्राको सञ्चिति राम्रो भएको तथा व्यापार घाटा पनि कम भएको समयलाई सरकारले सदुपयोग गर्नुपर्ने उनको भनाइ छ । 'बाह्य क्षेत्र सबल हुनु सकारात्मक कुरा हो, तर यतिमै खुसी मान्नुपर्ने केही कारण छैन । यसको जगमा उभिएर लगानी वृद्धि गर्नुपऱ्यो, त्यसले पुँजीगत आयात बढाउँछ,' उनले भने, 'विदेशी लगानी ल्याउनुपऱ्यो, यी सबै कामलाई सरकारले तात्कालिक आवश्यकताका रुपमा मनन गर्नुपऱ्यो ।'

यसअघि पुन नै अर्थमन्त्री बनेपछि विज्ञताका आधारमा होइन, शक्तिका बलमा जो पनि अर्थमन्त्री बन्ने प्रवृत्ति संस्थागत भयो । तर, अर्थशास्त्री नै अर्थमन्त्री बन्नुपर्छ भन्ने 'हार्ड एन्ड फास्ट' नियम संसारमा कहीँ पनि छैन । मुलुक आर्थिक रूपमा संकटमा परेका बेला भने संसारका अधिकांश मुलुकले विज्ञ अर्थमन्त्री नियुक्त गर्ने गरेको विभिन्न अनुसन्धानहरुले देखाएका छन् ।

संकटबाट मुलुकलाई पार लगाउन विज्ञ अर्थमन्त्रीले सही नीति निर्माण गर्छ, बजारको आत्मविश्वास कायमै राख्न सक्छ, पूँजी पलायन रोक्न र अन्तर्राष्ट्रिय बजारबाट सहयोग तथा लगानी भिर्त्याउन पनि संकटका वेला विज्ञ अर्थमन्त्री आवश्यक छ भन्ने मान्यता स्थापित छ । युनिभर्सिटी अफ पिटसवर्गले १३ पश्चिमी युरोपेली मुलुकहरुको सन् ६७ वर्षमा बनेका अर्थमन्त्रीहरुको तथ्यांक विश्लेषणमार्फत गरेको अनुसन्धानले ६३ प्रतिशत अर्थमन्त्रीहरू आर्थिक क्षेत्रका विज्ञ भएको पाइएको थियो । मुद्रासंकट र उच्च मूल्यवृद्धि भएका बेला अर्थशास्त्रमा दखल भएकालाई नै अर्थमन्त्री बनाउने गरिएको पनि अध्ययनले देखाएको थियो ।

तर, प्राविधिक विज्ञता सफल अर्थमन्त्री बन्न आवश्यक एउटा गुण मात्रै हो, ऊसँग राजनीतिक व्यवस्थापनको सीप तथा सांसदका प्रश्न सामना गर्न सक्ने क्षमतासमेत हुनुपर्छ भनेर प्राध्यापकद्वय किथ डावडिङ र प्याट्रिक डुमन्टले लेखेका छन् । किनभने अर्थमन्त्री राजनीतिक पद हो, राजनीतिक दल र सरकारले जनतासँग गरेका प्रतिबद्धता पूरा गर्नुपर्ने व्यक्ति हो । यो जिम्मेवारीलाई इमानदार ढंगले पूरा गरे भने प्रधानमन्त्री प्रचन्डका भित्रिया पुनलाई अर्थ मन्त्रालयको जिम्मेवारी एउटा अवसर हुनसक्छ ।

जनता आत्तिएका बेला 'पिर नगर, सरकार छ' भनेर भरोसा दिने काम अर्थमन्त्रीको हो । व्यापार सुकेर सटर बन्द गरेका साना व्यवसायी, काम नपाएर भोकेपेट परेका कामदारको घाउमा मलम लगाउने जिम्मेवारी अर्थमन्त्रीको हो । अर्थतन्त्रमा समस्या हुँदा त्यसको समाधान गरी उत्साह जगाउने जिम्मेवारी उसको हो । सरकारकै काम गरेर वर्षौंसम्म सरकारबाटै पैसा नपाएको व्यवसायीलाई गरी खाने अवसर दिने पनि अर्थ मन्त्रालयकै जिम्मेवारी हो । एउटा सचेत अर्थमन्त्रीले देशको ढुकुटी आँखा चिम्लेर बाँड्दैन, संकटमा कहाँ बजेट बचाउने, कहाँ खर्च गर्ने भन्ने आधार भूत समझ अर्थमन्त्रीमा हुनुपर्छ ।

त्यही आर्थिक 'कमन सेन्स'ले काम गरेका कारण चिलीका तत्कालीन अर्थमन्त्री आन्द्रेस भेलास्कोलाई पछिल्लो समयमा संसारकै सबैभन्दा सफल अर्थमन्त्री मानिन्छ । सन् २००६ देखि २००८ को मध्यसम्म विश्वबजारमा तामाको भाउ बढेको मौकामा चिलीले ठूलो फाइदा गरेको थियो । त्यसरी कमाएको पैसा जनतालाई बाँड्नुपर्छ भनेर चिलीमा ठुल्ठूला जुलुस भए । त्यो कुरा नमानेपछि उनलाई बर्खास्त गर्नुपर्छ भन्ने माग भयो । तर, कोलम्बिया विश्वविद्यालयका पिएचडी र हार्वर्डका पोस्टडक्टरेट भेलास्को पद छाड्न तयार भए, देशको ढुकुटी रित्याउन तयार भएनन् । २००८-०९ को वित्तीय संकटबाट संसारका सारा मुलुकहरु संकटको भुमरीमा फसे । तर, भेलास्कोले बचत गरेर राखेको त्यो रकम चिलीलाई आर्थिक संकटबाट पार लगाउन खर्च गरे, बेरोजगारलाई भत्ता दिइयो, रोजगारी सिर्जना गर्ने परियोजनामा बजेट बढाइयो, व्यवसायीलाई करमा राहत दिइयो । चिली त्यसबेलाको आर्थिक संकटबाट सबैभन्दा कम प्रभावित मुलुकमध्येमा पऱ्यो । एक वर्षअघिसम्म धिक्कारिएका भेलास्को सबैभन्दा सफल अर्थमन्त्रीको दर्जामा पुगे । एउटा अर्थमन्त्रीको ज्ञान र सुझबुझपूर्ण नीतिले मुलुकलाई संकटबाट कसरी जोगाउन सकिन्छ भन्ने सबैभन्दा शक्तिशाली उदाहरण सायद भेलास्को नै हुन् ।

अहिले नै नेपाली जनताले भेलास्कोको स्तरको चेतना र सुझबुझ भएको अर्थमन्त्री खोजेका छैनन् । तर, अहिले अर्थतन्त्रमा साँच्चै समस्या छ भन्ने कुरालाई आत्मसात गर्दै त्यो समाधानको सही र ठोस पहल गर्ने अर्थमन्त्री अहिलेको आवश्यकता हो ।

प्रधानमन्त्रीको निर्देशन मात्रै पालना गर्ने र आफैं जोखिम लिन नसक्ने मन्त्री भयो भने त्यसले ठूलो नीतिगत सुधार गर्न सक्दैन भन्ने यसअघि सफल अर्थशास्त्री डा. युवराज खतिवडाले नै प्रमाणित गरिसकेका छन् ।

आफैं जोखिम लिन सक्ने क्षमता भएको मन्त्री बन्यो भने उसको कार्यप्रदर्शन राम्रो हुन सक्छ । तर, यो काममा भने टेक्नोक्र्याटभन्दा राजनीतिज्ञ नै अगाडि हुने वासिंगटन विश्वविद्यालयका प्राध्यापक क्रिस्टोफर एडोल्फले आफ्नो पुस्तकमा लेखेको छन् । किनभने ऊ आफैं पनि पुन: निर्वाचित हुन चाहन्छ र त्यसभन्दा ठूलो राजनीतिक महत्वाकांक्षा पनि स्वाभाविक रुपमा हुन्छ । उसका नीतिहरू असफल भए भने उसलाई राजनीतिक रूपमा क्षति हुन्छ ।

नेपालको अहिलेको आर्थिक संकटको समाधान कसरी गर्ने होला भनेर परीक्षण र गल्ती (ट्रायल एन्ड एरर) गर्दै अघि बढ्नुपर्ने बाध्यता छैन । हामीजस्तै संकटमा परेका अन्य मुलुकहरु कसरी पार लागे भन्ने अनगिन्ती उदाहरण छन् ।

आर्थिक संकटबाट पार पाउने एकमात्रै उपाय भनेको सरकारले खर्च बढाउनु भएको त्रिभुवन विश्वविद्यालयको अर्थशास्त्र विभागका प्रमुख प्रा.डा. शिवराज अधिकारी बताउँछन् ।

अर्थतन्त्रका समस्या समाधानका लागि अर्थमन्त्रीले भोलिबाटै ठोस पहल थाल्नुपर्ने उनको सुझाव छ । 'पहिलो- अहिले अर्थतन्त्रमा मनोबलको कमी छ, पैसाको छैन, त्यसैले मनोबल बढाउने काम अर्थमन्त्रीले गर्नुपर्छ,' उनले भने ।

त्यस्तै, सरकारले तत्कालै खर्च बढाउनुपर्ने उनले बताए । 'निर्माण व्यवसायीको भुक्तानी तत्कालै गर्नुपर्छ, दूध किसानको रकम पनि दिइहाल्नुपर्छ,' उनले भने, 'सरकारले जति काम गर्छ, निजी क्षेत्रले पनि त्यति नै गर्ने रहेछ, त्यसैले निजी क्षेत्रलाई उत्साहित गर्न पनि सरकारले नै खर्च बढाउनुपर्छ ।'

सरकारले अहिले थप ऋण लिएर पनि खर्च गर्नुपर्ने उनले बताए । 'सरकारले विगतमा निकै उच्च ब्याजमा पनि ऋण लिएको छ, अहिले त ब्याजदर पनि कम छ, त्यसो हुँदा ऋण लिन डराउनुहुँदैन,' उनले भने ।

*(स्रोत: अनलाइनखबर)*

# 'बहुरुपी औरत' भन्दै पूजाप्रति समीक्षाको कटाक्ष



काठमाडौं/गायिका समीक्षा अधिकारीले लगातार रुपमा फेसबुक स्टाटसमार्फत् अभिनेता पल शाहप्रति कटाक्ष गर्दै आइरहेकी छन् । यसपटक भने उनले अभिनेत्री पूजा शर्मालाई निशाना बनाएकी छन् । उनले बुधबार साँझ पूजाप्रति लक्षित गर्दै फेसबुकमा 'बहुरुपी औरत' भन्दै स्टाटस लेखेकी छन् ।

उनको स्टाटस छ, 'अस्ति सिनेमा चलाउन रोएको नाटक गरेऊ । हिजो उसैलाई नानाथरी भन्दै मेरो पाउ पऱ्यौ । आज फेरि आफ्नो फाइदाका लागि उतैतिर चाकडी गर्दै रहेछौ । बहुरुपी औरत ।' समीक्षाले स्टाटसमा कसैको नाम उल्लेख नगरे पनि उनको कटाक्ष पूजालक्षित हो भन्ने प्रष्ट बुझिन्छ । उनको स्टाटसको कमेन्टमा पनि धेरैले पूजाको नाम लिएका छन् ।

फिल्म 'म यस्तो गीत गाउँछु २' रिलिजको बेला जेलमा रहेका पललाई सम्झिएर पूजा हलमै रोएकी थिइन् । त्यसबेला पलको बचाउमा पूजाले समीक्षाप्रति लक्षित गर्दै अस्वभाविक अभिव्यक्ति समेत दिएकी थिइन् । तर, पल जेलमुक्त भएपछि पूजा उनीसँग रुष्ट भएकी थिइन् । लामो समय उनीहरुबीच बोलचाल समेत भएन । त्यसबेला पललाई चिढ्याउन पूजा समीक्षासँग नजिक बनेकी थिइन् ।

तर, अहिले फेरि पल र पूजाको मिलन भएको छ । उनीहरुले चाँडै निर्देशक सुदर्शन थापाको फिल्म 'रावायण'मा एकसाथ काम गर्दैछन् । समीक्षाको स्टाटस आउनुको पछाडि पूजा र पलको मिलन नै प्रमुख कारण हो । पूजाले भने समीक्षाको स्टाटसप्रति प्रतिक्रिया जनाइसकेकी छैनन् । शुक्रबारबाट प्रदर्शनमा आउन लागेको पूजा अभिनीत फिल्म 'उपहार'को 'मुटुको ४ आना' गीतमा समीक्षाको पार्श्व गायन छ ।

# 'यूर्निभसिटी अफ गुण्डाज्'को निर्देशकमा सुदर्शन कि हेमराज ?




काठमाडौं/कहिलेकाहीँ नेपाली फिल्म क्षेत्रमा उल्टो पानी बग्छ । निर्देशक नै निश्चित नभइ निर्माताले फिल्मको घोषणा गर्छन् । कलाकार समेत निर्माताले नै रोज्छन् । निर्माता र निर्देशकको जिम्मेवारी नै फरक हुन्छ । निर्माताले फिल्मको विभिन्न योजना बनाउने हो । कथा र चरित्रअनुसार कलाकार छनोट निर्देशकको काम हो । तर, अहिलेको ट्रेन्ड हेर्दा फिल्मको हरेक पक्षमा निर्माता हाबी भैरहेका छन् ।

अभिनेता सलोन बस्नेतले पनि निर्देशक निश्चित नहुँदै फिल्म 'यूर्निभसिटी अफ गुण्डाज्'को निर्माण घोषणा गरे । फिल्ममा उनी स्वयं मुख्य भूमिकामा देखिँदैछन् भने ५ वर्षपछि अभिनेता सलिनमान बनियाँ कमब्याक गर्दैछन् । तर, निर्देशक को रहने, अझै अन्योल छ । यद्यपि, दुई निर्देशकको नाम यतिखेर चर्चामा छ । हेमराज विसी र सुदर्शन थापामध्ये एकले निर्देशन गर्न सक्ने स्रोत बताउँछ ।

खासमा सलोनले हेमराजसँग फिल्मको 'आइडिया'मा केही चरण छलफल गरेका थिए । त्यसबेला उनले नै निर्देशन गर्ने निश्चितजस्तै थियो । तर, उनी अमेरिका गएपछि सलोन अन्योलमा परे । हेमराज दशैंभन्दा अगाडि नै अमेरिका गएका हुन् । स्रोतका अनुसार, उनी अबको एक महिनाभित्र नेपाल फर्किने तयारीमा छन् । यसैले सलोन अहिले हेमराजलाई नै पर्खेर बसेको जानकारी प्राप्त छ ।

हेमराज नेपाल आउन नसकेको अवस्थामा भने सुदर्शनलाई निर्देशनको प्रस्ताव राखिएको स्रोत बताउँछ । तर, सुदर्शन पनि आफ्नै फिल्म 'रावायण'को तयारीमा रहेकाले उनले 'यूर्निभसिटी अफ गुण्डाज्' निर्देशन गर्ने वचन दिन सकेका छैनन् । हेमराज र सुदर्शन दुवै सम्भव नभएको खण्डमा भने सलोनले यसअघि आफूले काम गरिसकेको एक फिल्मका निर्देशकलाई भित्राउन सक्ने चर्चा छ ।

# स्वस्तिमाले सुरु गरिन् 'बेहुली फ्रम मेघौली'

काठमाडौं/फिल्म 'बेहुली फ्रम मेघौली'बाट अभिनेत्री स्वस्तिमा खड्काको अर्को परिचय थपिँदैछ । यसमा उनी निर्मात्री बनेकी छन् । उनलाई श्रीमान् तथा निर्देशक निश्चल बस्नेतले निर्माणमा सघाएका छन् ।

बुधबारबाट यो फिल्मको छायांकन सुरु गरिएको छ । चितवनस्थित मेघौली गाउँको एक मन्दिरमा शुभमुहूर्त गर्दै फिल्मको छायांकन थालिएको हो । फिल्मको सम्पूर्ण छायांकन यही गाउँमा गरिनेछ ।

साजन काफ्ले र आकाश बरालको संयुक्त निर्देशनमा बन्न लागेको फिल्ममा स्वस्तिमा स्वयं मुख्य भूमिकामा देखिँदैछिन् भने उनको जोडी निश्चलसँग बाँधिएको छ । विजय बराल, सिम्रन खड्का, आमिर गौतम लगायतको पनि फिलममा अभिनय रहनेछ । फिल्मको कार्यकारी निर्माता शंकर पाण्डे र फिरोज खड्का हुन् । फिल्मलाई आगामी वर्ष २०८१ को दशैंमा प्रदर्शन गर्ने तयारी गरिएको छ ।

ब्याक हर्स पिक्चर्स र मघौली फिल्म्सको ब्यानरमा निर्माण हुन लागेको फिल्ममा आकाश र साजनको संयुक्त लेखन छ । आकाशले यसअघि निश्चल निर्देशित फिल्म 'दिमाग खराब'को स्क्रिप्ट लेखेका थिए । उनले 'स्पर्श' नामक पुस्तक समेत बजारमा ल्याइसकेका छन्, जुन युवापुस्तामाझ लोकप्रिय मानिन्छ । आकाश र साजन दुवैले 'बेहुली फ्रम मेघौली'बाट निर्देशनमा डेब्यू गर्न लागेका हुन् ।

यो फिल्म प्रदर्शनपछि आगामी वर्ष निश्चल एक्सन फिल्म बनाउँदैछन् । र, २०८३ सालमा 'दिमाग खराब'को सिक्वेल बनाउने उनको योजना छ । स्वस्तिमा भने 'बेहुली फ्रम मेघौली'का कारण अरु फिल्ममा जोडिएकी छैनन् । यस वर्ष उनको 'ऐंचो पैंचो', 'पशुपति प्रसाद २ : भष्मे डन' र 'दिमाग खराब' गरी तीन फिल्म प्रदर्शन भैसकेका छन् । अहिले उनी उच्च माग भएकी अभिनेत्रीमा पर्छिन् ।



# मिटरब्याज पीडितको आन्दोलन अब बालुवाटार केन्द्रित

काठमाडौं/२३ दिन पैदल हिँडेर काठमाडौं आएका मिटर ब्याज पीडितले आफूहरुको आन्दोलनलाई बेवास्ता गरेको भन्दै अब बालुवाटार केन्द्रित आन्दोलन सुरु गर्ने बताएका छन् ।

बुधबार मिटरब्याज पीडितहरु भृकुटीमण्डपबाट नारा जुलुस गर्दै बालुवाटारतर्फ अघि बढ्दा प्रहरीले अवरोध गरेको छ । दिउँसो १२ बजेसम्म प्रहरीले उनीहरुलाई भृकुटीमण्डपमै रोकेको थियो । बालुवाटारतर्फ मिटरब्याज पीडितको समूह अघि बढेपछि मिटरब्याज तथा ठगी विरुद्ध किसान मजदुर संघर्ष समितिका अध्यक्ष अवधेश कुशवाह सहित २० जनालाई नियन्त्रणमा लिएको थियो ।

त्यसपछि मिटरब्याज पीडितहरुले नक्साल पीपलबोट नजिकै सडकमा प्रदर्शन गरे । भृकुटीमण्डपमा गरेको शान्तिपूर्ण आन्दोलनलाई सरकारले बेवास्ता गरेपछि अब बालुवाटार केन्द्रित आन्दोलन गर्न खोजेको मिटर ब्याज तथा ठगी विरुद्ध किसान मजदुर संघर्ष समितिका प्रवक्ता निर्ग नवीन बताउँछन् ।

'कष्टपूर्ण यात्रा गरेर आएको १५ दिन बित्दा पनि सरकारले हाम्रो माग सुनेको छैन', उनले भने, 'सरकारले माग सुनोस् भनेर अहिलेसम्म शान्तिपूर्ण आन्दोलनमै थियौं तर अब आन्दोलन थप चर्काउने अवस्थामा पुगेका छौं ।'

सरकारले माग सम्बोधन नगरेसम्म मिटरब्याज पीडितहरु घर नफर्किने उनले बताए । 'जबसम्म सरकारले मिटरब्याज पीडितको कुरा सुन्दैन, हामीहरु घर फर्कदैनौं, आन्दोलन थप चर्काउदै जानेछौं ।'

२३ दिन हिडेर काठमाडौं आएका धनुषाका रामलोचन पासमारी १५ दिनयता यता काठमाडौंमै छन् । आठ हजार ऋण लिँदा डेढ लाख मागेर हिटरब्याजी साहुले मुद्दा हालेपछि उनी न्याय माग काठमाडौं आएका हुन् । 'साहुले जाली तमसुक बनाएर ममाथि नै मुद्दा हाले, घर खेत खाइदिन लागेपछि म रुदै न्याय मागन आएँ', रामलोचन भन्छन् ।

साहुले फर्जी कागजात देखाएर घरखेत नै खान थालेपछि उनी जिल्ला प्रशासनदेखि स्थानीय तहसम्म धाए । तर साहुले बनाएको जाली तमसुकका कारण स्थानीय प्रशासनले पनि केही गर्न नसक्ने बतायो ।

त्यसपछि उनी न्याय पाउने आशाले आफूजस्तै अरु मिटर ब्याज पीडितहरुसँग काठमाडौं आएका हुन् । गत फागुन ११ गते उनीहरुले मिटर ब्याजी पीडितहरुसँग विरोध भद्रकालीमा पुगेर सिंहदरबार अगाडि आन्दोलन गरे । 'गाउँको सिंहदरबारले कुरा नसुनेपछि कुरा सुनाउन सिंहदरबार आयौं' उनले भने, 'तर यहाँ आएर आन्दोलन गर्दा पनि सुनेन ।'

*(स्रोत: अनलाइनखबर)*

**के तपाई फोटोकपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# हेटौंडा भेट्रान्समा नागस्वती हाऱ्यो, आयोजकले जित्यो



साझाकुरा संवाददाता

हेटौंडा, २३ फागुन/ हेटौंडामा जारी नवौं राष्ट्रिय हेटौंडा भेट्रान्स कप एट 'ए' साईड फुटबलमा एबिसी भेट्रान्स पोखरा, हेटौडा भेट्रान्स, काठमाडौं किर्कस, किङ्कोङ् क्लब काठमाडौ र बानेश्वर भेट्रान्स विजयी भएको छ ।

बुधबार पिप्लेक्याम्पा रंगशालामा भएको खेलमा एबिसी भेट्रान्स पोखरा विजयी भएको छ । हेटौंडाको ७ नम्बर वडामा रहेको नागस्वती भेट्रान्सलाई एबिसीले टाइब्रेकरमा १-३ को गोलअन्तरमा पराजित गरेको हो । खेलमा एबिसिका लागि संजय गुरुङ, विश्वलाल श्रेष्ठ, नरकुमार राईले गोल गर्दा नागस्वतीकातर्फबाट संतोष बस्नेतले प्रहार गोलमा परिणत हुँदा प्रकाश रानाको बल एबिसीका गोल रक्षकले रोकेका थिए ।

किङकोङ क्लबले बीरगंज युथ भेट्रान्सलाई ५-० गोल अन्तरमा हराएको छ । किङ्कोङ्का लागि खेलको ११ मिनेटमा बिपिन शाहले र २१, २२ र २७ औं मिनेटमा जगतमान लामाले गोल गरे । खेलको ४७ औ मिनेटमा शशि थापाले गोल गरे । काठमाडौ क्रिर्कसले बीरगंज सिटी भेट्रान्सलाई २-१ गोलअन्तरमा पराजित गरेको छ । खेलमा काठमाडौका तर्फबाट २६ औ मिनेटमा नबीन पाण्डे र ३८ औ मिनेटमा सरोज थापाले गोल गरेका थिए । बीरगंजका तर्फबाट खेलको ३४ औ मिनेटमा शेखर चौधरीले सान्त्वना गोल गरे ।

बुधवारको चौथो खेलमा आयोजक हेटौंडा भेट्रान्स 'ए' विजयी भएको छ । हेटौंडाले हरिवन भेट्रान्स सर्लाहीलाई ६-१ गोलले हराएको हो । हेटौंडाको जितमा १०, १६ र २७ औं मिनेटमा राकेश श्रेष्ठले, २१ औ मिनेटमा नितिन गुरुङ, ३४ औ मिनेटमा हरेराम राई र ४७ औ मिनेटमा नवराज बज्राचार्यले गोल गरेका थिए । हरिवनकातर्फबाट एकमात्र गोल ४३ औ मिनेटमा दीपबुढा चौधरीले गरे ।

पाँचौ खेलमा बानेश्वर फ्रेण्डसीपले चितवन भेट्रान्सलाई टाइब्रेकरमा हराएके छ । निर्धारीत समयमा एक-एक गोलको बराबरी खेलेका थिए । टाइब्रेकरमा बानेश्वरको तर्फबाट राजुमान नेपाली, राजनलाल नेपाली र महेन्द्र बिष्ट खवासले र चित्तवनका रबिन्द्र श्रेष्ठले गोल गरे । ४५ वर्ष उमेर समूहमाथिका प्रतियोगिताको विजेताले एकलाख ११ हजार एकसय ११, उपविजेताले ५५ हजार पाँच सय ५५ रुपैयाँ प्राप्त गर्नेछ । खेलको क्वाटरफाईनल खेल बिहीवारबाट सुरु हुनेछ ।

# भैंसे-भीमफेदी सडक खण्डको अवरोध हटाइयो

साझाकुरा संवाददाता

हेटौंडा, २३ फागुन/ सुख्खा पहिरोका कारण अवरुद्ध बनेको हेटौंडा-काठमाडौं जोड्ने छोटो मार्गअन्तर्गत्को भैंसे-भीमफेदी सडकखण्ड ४ घण्टापछि खुलेको छ ।

बुधबार बिहान सडकखण्ड अन्तर्गत भीमफेदी-४ गोल्फिङटारमा गएको सुख्खा पहिरोका कारण सडक अवरुद्ध बनेको हो । बिहान ९ बजे गएको पहिरो दिउँसो १ बजेपछि मात्रै खुलेको मकवानपुर प्रहरीले जनाएको छ । मकवानपुर प्रहरी प्रवक्ता प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीका अनुसार सडकखण्ड अवरुद्ध हुँदा डाईभर्सन गरेर यातायात चलाइएको थियो ।

# सहकारी अवलोकन भ्रमण तथा जेष्ठ नागरिकसँग तीर्थाटन



साझाकुरा संवाददाता

हेटौंडा, २३ फागुन/ सुखीसंमृद्धि बचत तथा ऋण सहकारी संस्थाले सहकारी अवलोकन तथा तीर्थाटन कार्य सम्पन्न गरेको छ ।

संस्थाकी अध्यक्ष रेनु ज्ञवालीको संयोजकत्वमा १८ जना सदस्य सहभागी भ्रमण टोलीले लुम्बिनी सुनवल साकोस (सुनवल-१२, भुमही) मा सहकारी अध्ययन तथा अवलोकन गरेको बताइएको छ । सहकारीको भ्रमण टोलीले अर्घखाँचीको सुपादेउराली मन्दिर र नवलपरासी सुस्तामा रहेको गजेन्द्रमोक्षधाम दशर्न गरेको थियो ।

# थाहामा तामाङ पाठ्यक्रम पुनर्ताजगी प्रशिक्षण



साझाकुरा संवाददाता

हेटौंडा, २३ फागुन/ स्थानीय तहको भाषा नीतिनिर्माण तथा तामाङ मातृभाषा शिक्षा कार्यक्रम थाहा नगरपालिकामा सुरु भएपछि तामाङ भाषा, लिपि प्रवर्द्धन तथा पाठ्यक्रम प्रबोधिकरण अन्तर्गत तीन दिने पुनर्ताजगी कार्यक्रम थाहामा सम्पन्न भएको छ ।

बुधबार नेपाल तामाङ घेदुङ थाहाका अध्यक्ष दीपेन्द्रकुमार थिङको अध्यक्षता तथा जिल्ला समन्वय समिति प्रमुख ललित घलानको प्रमुख आतिथ्यता तथा थाहा नगरप्रमुख बिष्णु बिष्टको बिशिस्ट आतिथ्तामा तीन दिने कार्यक्रमको समापन गरिएको हो । मातृभाषा तथा स्थानीय विषयमा शिक्षा गुणस्तरीय तथा वैज्ञानिक शिक्षाको सुनिश्चितता भन्ने उद्देश्यकासाथ थाहा नगरपालिकामा यो कार्यक्रमको सुरुवात गरिएको हो । जिल्लाका १० स्थानीय तहमध्ये मातृभाषा तथा स्थानीय विषयक कार्यक्रम गराउँनेमा पहिलो पालिका थाहा नै रहेको छ ।

कार्यक्रममा बोल्दै थाहा नगरका प्रमुख प्रशासकीयअधिकृत कृष्ण गिरीले मातृभाषामा शिक्षा भनेको व्यक्तिले बोल्ने पहिलो भाषामा पठनपाठन गर्नु भएको बताउँदै यो विषयले विश्वका विभिन्न देशमा मौलिकअधिकारसरहको अधिकार प्राप्त गरेको र मातृभाषा भन्दा अन्य भाषाको प्रचलन बढी भएको ठाउँमा मातृभाषा शिक्षाका विषयले महत्व पाएको बताएका छन् । प्रमुख अतिथि जिसस प्रमुख घलानले मातृभाषामा शिक्षा भनेको विद्यालयमा अध्ययनरत बालबालिकालाई उसैको घरमा बोलिने भाषा बोलेर शिक्षणसिकाइ गर्ने पद्धति भएको बताए ।

मातृभाषामा शिक्षा होस् वा तामाङ भाषामा शिक्षा नै किन नहोस् यसको बारेमा माथिल्लो तहदेखि तल्लो तहसम्म समान धारणा हुनुपर्ने घलानेले बताए । समापन कार्यक्रमलाई सम्बोधन गर्दै थाहा नगरप्रमुख बिष्टले थाहाको सामुदायिक विद्यालयमा कम्तिमा कक्षा १-३ सम्म मातृभाषाको माध्यमबाट शिक्षा दिई त्यसभन्दा माथि मातृभाषा विषय पढाउन सकिने स्थापित मान्यता र सिद्धान्तलाई व्यवहारमा लागू गरेको बताए ।

थाहा नगरभित्रका छनोटमा परेका ३० विद्यालयमार्फत् एकएक जना शिक्षकको उपस्थिति रहेको कार्यक्रममा प्रशिक्षकमा मातृभाषाका भाषाविज्ञ प्रतीक डेङ्सुर, दर्पण ब्लोनले प्रशिक्षण दिएका थिए । कार्यक्रममा थाहानगर शिक्षाशाखा अधिकृत सूर्यबहादुर थिङ, जिल्ला समन्वय समिति मकवानपुरका सदस्यहरुको उपस्थिति रहेको थियो । थाहा नगरपालिका तथा भाषा आयोग काठमाडौंको सहकार्य तथा नेपाल तामाङ घेदुङको बागमती प्रदेश समितिको आयोजनामा गएको शैक्षिक सत्रदेखि मातृभाषा शिक्षा कार्यक्रम सुरु गरिएको तामाङ घेदुङ थाहाका सचिव मंगल तामाङले जानकारी दिए । नेपालमा मातृभाषामा शिक्षा कार्यक्रम वि.सं. २०५५ देखि सुरु भएको हो । यसका लागि पाठ्यक्रम विकास केन्द्रले २४ वटा मातृभाषामा प्राथमिक तहसम्मको पाठ्यपुस्तक तयार गरेको छ ।

# 'स्लो स्कुटी रेस' प्रतियोगिता



साझाकुरा संवाददाता

हेटौंडा, २३ फागुन/ अखिल नेपाल महिला संघ जिल्ला कमिटी मकवानपुरको आयोजना तथा अनेमसंघ हेटौंडा उपमहानगर कमिटीको संयोजनमा ११४ औ अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको अवसरमा स्लो स्कुटी रेस प्रतियोगिता सम्पन्न भएको छ ।

अनेमसंघ हेटौंडा नगर कमिटी अध्यक्ष रन्जिता सिलवालको अध्यक्षता अनेमसंघ केन्द्रीय स्थायी कमिटी सदस्य तथा मकवानपुर इन्चार्ज पद्मा पौडेलको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको हो । प्रतियोगितामा अर्चना कार्की प्रथम, गीता राना द्वितीय, मेनुका लोप्चन तृतीय भएका छन् ।

बिजयीलाई यही फागुन २४ गते ११ बजे जिल्ला पार्टी कार्यलयमा नै सम्मान गरिने जिल्ला कमिटी सचिव सुशीला मल्लले बताइन् । कार्यक्रममा पार्टी केन्द्रीय कमिटी सदस्य जुनेली श्रेष्ठ, अनेमसंघ केन्द्रीय कमिटी सदस्य पार्बती राना, पार्टी प्रदेश कमिटी सदस्य भगवती पुडासैनी, अनेमसंघ प्रदेश कमिटी सचिवालय सदस्य सीता बिष्ट, अनेमसंघ जिल्ला कमिटी अध्यक्ष सुमित्रा काफ्लेलगायत जिल्ला कमिटी पदाधिकारी एबम् सदस्यहरुको उपस्थिति रहेको थियो ।

# ठगी गर्ने दुईजना मकवानपुर प्रहरीको फन्दामा




साझाकुरा संवाददाता

हेटौंडा, २३ फागुन/ विभिन्न सामानहरु डेलिभरी गर्ने भन्दै अनलाइनमार्फत् ठगी गरेको आरोपमा मकवानपुर प्रहरीले दुईजना पक्राउ गरेको छ ।

ह्वाट्सएपबाट ठगी गरेको आरोपमा रौतहट मोलापुर नगरपालिका-२ मर्यादपुर घरभई हाल बीरगञ्ज महानगरपालिका-१५ भिश्वा बसपार्क बस्ने २१ बर्षीय रोहित भन्ने मनिषकुमार जैसवाल र बीरगञ्ज महानगरपालिका-१४ बस्ने २० बर्षीय गौतम खत्रीलाई पक्राउ गरेको हो ।

फागुन २१ गते सोमवार जिल्ला प्रहरी कार्यालय पर्साको समन्वयमा उनीहरुलाई पक्राउ गरी मकवानपुर जिल्ला अदालत हेटाँडाबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान कार्य भईरहेको जिल्ला प्रहरी कार्यालय मक्वानपुरका प्रवक्ता प्रहरी नायवउपरीक्षक (डिसपी) लक्ष्मी भण्डारीले जानकारी दिए ।

प्रवक्ता भण्डारीका अनुसार फरक-फरक मितिमा विभिन्न मोबाइलबाट ह्वाट्सएपमार्फत् सस्तोमा आइफोन तथा ईलेक्ट्रोनिक समान बिक्री गर्ने भनि बिभिन्न व्यक्तिलाई अनलाइन माध्ययमबाट च्याटमा कुराकानी गरी किस्तामा वा होम डेलीभरीको लागि नागरिकता प्रमाणपत्रको फोटोकपी र हालसालै खिचेको पासपोर्ट साईजको २ वटा फोटो पठाउन लगाउने गरेको प्रहरीको भनाई छ । सोही नागरिकता र फोटोको प्रयोग गरी ईसेवा आईडी बनाई त्यो आईडीमा रकम पठाउन लगाई ठगी गर्ने गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको प्रहरीको भनाई छ ।

# प्रदेशभर ११ लाख बाख्रामा लगाइयो पीपीआर खोप

साझाकुरा संवाददाता

हेटौंडा, २३ फागुन/ बागमती प्रदेश कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले भेडाबाख्रामा लाग्ने पीपीआर रोग नियन्त्रण तथा रोकथामका लागि पीपीआर अभियान अन्तरगत करिब साढे एघार लाख बाख्रामा खोप लगाइएको छ ।

गत १६ गते बुधबारबाट सुरु भएको सप्ताहव्यापी खोप अभियानको एक सातामा एघार लाख ४२ हजार ३ सय २७ वटा बाख्रामा खोप लगाइएको मन्त्रालयका योजना तथा अनुगमन महाशाखा प्रमुख एवम् प्रवक्ता सुजन कंडेलले बताए । प्रदेशका सबै जिल्लास्थित पशुसेवा कार्यालय र स्थानीय सरकारसँगको सहकार्यमा खोप केन्द्र सञ्चालन गरिनुका साथै भ्याक्सिनेटरद्वारा खोप लगाउनेका कार्य भएको प्रवक्ता कंडेलले बताए ।



१६ गते बुधबारबाट सुरु भएको खोप कार्यक्रम मंगलबार सकिएको हो । मंगलबारसम्ममा करिब साढे एघार लाख बाख्रामा खोप लगाइएको प्रवक्ता कंडेलले बताए । यस अभियानमा भेडाको संख्या भने शुन्य रहेको छ । प्रदेशको काभ्रेमा एक लाख २७ हजार ९ सय १७, ललितपुरमा २४ हजार २५, काठमाडौंमा २२ हजार १४, भक्तपुरमा नौ हजार एक सय ८५ वटा बाख्रामा खोप लगाइएको मन्त्रालयले जनाएको छ । त्यस्तै, दोलखामा ९० हजार ४ सय ४७, सिन्धुपाल्चोकमा ७५ हजार ७ सय ८, रामेछापमा एक लाख ५ हजार चार सय, सिन्धुलीमा एक लाख ४४ हजार पाँच सय ३५ वटा बाख्रामा खोप लगाइएको प्रवक्ता कंडेलले बताए ।

त्यस्तै, मकवानपुरमा एक लाख ५१ हजार ९ सय १, चितवनमा ८५ हजार १९, नुवाकोटमा ७४ हजार ७ सय १९, रसुवामा १९ हजार ८ सय ३८ र धादिङमा एक लाख ६० हजार ६ सय ६३ वटा बाख्रामा पीपीआर खोप लगाइएको प्रवक्ता कंडेलले बताए । नेपालमा पछिल्लो समय पीपीआर रोगका कारण धेरै संख्यामा भेडाबाख्राको मृत्यु भएको अवस्था छ । जसबाट कृषकले ठुलो मात्रामा नोक्सानी व्यहोर्नु परेकोले पनि विगतको वर्षभैंँ यसवर्ष पनि अभियान नै सञ्चालन गरी खोप लगाइएको कृषि, पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय बागमती प्रदेशका निर्देशक डा.गौरीमान श्रेष्ठले बताए ।

हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौंडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३